का.जि.प्र.का.द.नं. १००/०५९/६०
२७ फागुन २०७९,
शनिबार
11 March 2023,
Saturday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्नु

वर्ष २१, अंक ४५ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

# उपराष्ट्रपतिमा महिला कि पुरुष ?

उपराष्ट्रपति पदमा महिला मात्रै उम्मेदवार हुन सक्ने निर्वाचन आयोगको भनाइपछि नेपालको राजनीति पुन: तरंगित भएको छ । खासगरी उपराष्ट्रपतिमा विश्वासपात्र उठाएर आफू संसदमा आउने बाटो खोजिरहेका उपेन्द्र यादव झस्किएका छन् ।

## मनोनयन दर्ता आज





**शिवराज परियार / मध्यान्ह**
काठमाडौं, २६ फागुन ।

उपराष्ट्रपति निर्वाचनको कार्यतालिका अनुसार आज मनोनयन दर्ताको कार्यक्रम छ । निर्वाचन आयोगले कार्यतालिका सार्वजनिक गर्दै चैत ३ गते हुने उपराष्ट्रपति निर्वाचनको मनोनयन दर्ता गर्ने समय शनिबारका लागि तोकेको हो ।

आजै मनोनयनपत्र दर्ता भएको उम्मेदवारको सूची प्रकाशन गर्ने र उम्मेदवारको विरोधमा उजुरी दिन मिल्ने कार्यतालिकामा उल्लेख छ ।


२८ गते मनोनयनपत्र र उजुरी उपर जाँचबुझ गरी निर्णय गर्ने, उम्मेदवारको अन्तिम नामावली प्रकाशन गर्ने कार्यतालिका रहेको छ भने चैत ३ गते मतदान गर्ने कार्यक्रम रहेको उल्लेख गरिएको छ ।

मतदान पश्चात सबै – बाँकी पृष्ठ २ मा



■ **दिनेश थपलिया**
प्रमुख निर्वाचन आयुक्त

“ उपराष्ट्रपति लिङ्गका हिसाबले पुरुष भन्दा फरक लिङ्को हुनुपर्छ । समुदायको हिसाबले खसआर्य भन्दा फरक समुदायको हुनुपर्छ ।



■ **पूर्णबहादुर खड्का**
उपसभापति, नेपाली कांग्रेस

“ फरक लिङ्ग वा फरक समुदाय भन्नाले अनिवार्य उपराष्ट्रपति महिला हुनुपर्छ । अथवा राष्ट्रपति र उपराष्ट्रपति महिला-पुरुष हुनुपर्छ भन्ने होइन ।



■ **शक्ति बस्नेत**
उपमहासचिव, माओवादी केन्द्र

“ आयोगको वक्तव्य पनि संविधान अनुरुप नै छ । अन्यथा केही भएमा त्यसलाई आधार मान्न सकिँदैन ।

**दिवाकर अधिकारी / मध्यान्ह**
काठमाडौं, २६ फागुन ।

‘संविधान र कानून बमोजिम उपराष्ट्रपतिको उम्मेदवारी दर्ता हुन्छ’ उपराष्ट्रपति पदका लागि मनोनयन दर्ताको अघिल्लो दिन उपराष्ट्रपति निर्वाचन अधिकृत महेश शर्मा पौडेलले सार्वजनिक रुपमा भनेका छन् । ‘संविधान र कानून बमोजिम’ भन्ने शब्दको स्पष्ट व्याख्या उनले गरेका छैनन् ।

अर्थात, उपराष्ट्रपति पदका लागि पुरुष आयोग्य हो वा होइन प्रष्ट भनेका छैनन् । महिला वा पुरुषमध्ये कसलाई उम्मेदवार बनाउने भन्नेबारे निर्वाचन आयोगको स्पष्ट निर्देशन नआएको तर्क छ । ‘निर्वाचन आयोगबाट जारी भएको पछिल्लो निर्देशनमा पनि उम्मेदवारी दर्ताबारे स्पष्ट छैन । अब म संविधान र कानुन बमोजिम निर्णय गर्नेछु,’ निर्वाचन अधिकृत पौडेलले भनेका छन् ।

तर, आयोगले पछिल्लो पटक पठाएको पत्रमा उपराष्ट्रपति पदको मनोनयन गर्दा लिङ्गको हकमा – बाँकी पृष्ठ २ मा

## झस्किए उपेन्द्र

**अस्मिता बम / मध्यान्ह**
काठमाडौं, २६ फागुन ।

उपराष्ट्रपति पदमा महिला मात्रै उम्मेदवार हुन सक्ने निर्वाचन आयोगको भनाइपछि नेपालको राजनीति पुन: तरंगित भएको छ । खासगरी उपराष्ट्रपतिमा विश्वासपात्र उठाएर आफू संसदमा आउने बाटो खोजिरहेका जनता समाजवादी पार्टी जसपाका अध्यक्ष उपेन्द्र यादव झस्किएका छन् ।

जसपाले संसदीय दलका नेता रामसहायप्रसाद यादवलाई उपराष्ट्रपतिमा उठाउने निर्णय गरिसकेको छ । निर्वाचन आयोगले महिला नै उम्मेदवार हुनुपर्ने बताएपछि जसपाका नेताहरु प्रतिवादमा उत्रिएका छन् ।

जसपाले उपराष्ट्रपतिको उम्मेदवार महिला मात्रै हुन पाउने व्याख्या सही नहुने बताएको छ ।

निर्वाचन आयोगले विज्ञप्ति निकालेर राष्ट्रपतिमा पुरुष र खसआर्य समुदायका रामचन्द्र



पौडेल निर्वाचित भएकाले यो भन्दा फरक लिङ्ग वा समुदायको व्यक्ति उपराष्ट्रपति पदको उम्मेदवार हुन सक्ने भनेपछि जसपाले विरोध गरेको हो ।

निर्वाचन आयोगले पुरुष राष्ट्रपति भएकाले महिला मात्रै उपराष्ट्रपतिको उम्मेदवार हुन सक्ने भन्न नमिल्ने भनेपछि जसपाले काउण्टर प्रतिक्रिया दिएको हो । ‘निर्वाचन आयोगलाई आफूखुसी संविधानको व्याख्या गर्ने अधिकार – बाँकी पृष्ठ २ मा

# सुल्झिएन मिटरब्याजीका समस्या

अहिले मिटरब्याजका सबै फर्जी तमसुकमार्फत किसानको भूमि हडप्ने र उनीहरूलाई आफ्नै भूमिबाट बेदखल गर्ने प्रक्रिया तीव्र पारिएको छ ।

**अवधेश कुशहवा**
*अध्यक्ष, मिटरब्याजी पीडित संघर्ष समिति*

**कान्ति न्यौपाने / मध्यान्ह**
काठमाडौं, २६ फागुन ।

प्रधानमन्त्रीमा नियुक्त भएपछि पुष्पकमल दाहाल प्रचण्डले मिटरब्याजी समस्याका पीडितलाई भेटेर समस्या छिट्टै समाधान गर्ने आश्वासन दिए । ‘अघिल्लो सरकारसँग भएको सम्झौता हेर्छु । मिटरब्याजी समस्याले हजारौं किसानहरू पीडित हुनुभएको छ । यसलाई मैले राम्रोसँग बुझेको छु । यसपटक तपाईहरूको समस्या समाधान गर्ने कुरा मेरो प्राथमिकतामा छ, म समाधान गर्छु’ उनले भनेका थिए । तर, आश्वासनको महिनौं बितिसक्दा समेत समस्या समाधान हुने नदेखेपछि पीडितहरु आन्दोलित हुन बाध्य भएका छन् । उनीहरुले केही दिन अगाडि मात्रै जनकपुरमा पुगेर आन्दोलन गरेका छन् ।

’बदनियतपूर्वक किसानको भूमि खोस्ने कार्य भए संघर्ष समिति जस्तोसुकै आन्दोलनमा जान बाध्य हुनेछ, अहिले मिटरब्याजका सबै फर्जी तमसुकमार्फत किसानको भूमि हडप्ने र उनीहरूलाई आफ्नै भूमिबाट बेदखल गर्ने प्रकृया तीव्र पारिएको छ,’ संघर्ष समितिका अध्यक्ष अवधेश कुशहवाले भने । उनले सरकारले अपेक्षाकृत सहयोग नगरी गरिबलाई भूमिहीन बनाउने प्रयत्न गरेको गुनासो गरे ।

देशभर मिटब्याजी पीडितको संख्या २५ सयको हाराहारीमा पुगिसकेका छन् । विभिन्न असहजता परेको बहानामा पैसा दिएर त्यसको दोब्बर लिने र कतिपयको जग्गा जमिन नै हडप्दा किसानहरु घरजमिनविहीन हुन पुगेका छन् । जसले गर्दा उनीहरु काठमाडौं सहित गृहजिल्लामा बसेर आन्दोलन गर्न बाध्य बनेका छन् ।

’अहिले मसँग कुनै जग्गा छैन र म पूर्ण रूपले भूमिहीन भएको छु । यो मेरो व्यक्तिगत मात्रै समस्या होइन, अहिले आन्दोलन अघि बढेपछि किसानले धमाधम भूमि गुमाइरहेका छन्, – बाँकी पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

### संघद्वारा आठ सल्लाहकार मनोनयन

## किन बन्यो वरिष्ठ अधिवक्ता शम्भु थापासहितको बलियो टिम ?

**मध्यान्ह संवाददाता**
काठमाडौं, २६ फागुन

नेपाल वैदेशिक रोजगार व्यवसायी संघले आठ जना सल्लाहकार मनोनयन गरेको छ । संघका अध्यक्ष राजेन्द्र भण्डारीको अध्यक्षतामा शुक्रबार बसेको कार्यसमिति बैठकले पाँच जना सल्लाहकार तथा वरिष्ठ अधिवक्ताहरूसहितको कानूनी सल्लाहकार मनोनयन गरेको हो ।

संघको सल्लाहकारमा निवर्तमान अध्यक्षको हैसियतमा विमल ढकाल, वरिष्ठ वैदेशिक रोजगार व्यवसायीहरू रघुनाथ पुरी, पदमराज पौडेल, सितल यादव र सुवर्ण श्रेष्ठ तथा कानूनी सल्लाहकारमा वरिष्ठ अधिवक्ताद्वय शम्भु थापा र शम्भु निरौला तथा अधिवक्ता देवराज कटुवाललाई मनोनयन गरिएको हो ।

यसअघि लामो समयदेखि संघको कानूनी सल्लाहकारमा वरिष्ठ अधिवक्ता निरौला र अधिवक्ता कटुवाल गरी दुई जना कानून व्यवसायी रहेका थिए ।

महासचिव तथा संघका प्रवक्ता मेघनाथ भुर्तेलले वैदेशिक रोजगार ऐन २०६४ मा संशोधन लगायतका महत्वपूर्ण काम टुंगोमा पुऱ्याउनुपर्ने बाध्यता रहेकाले वरिष्ठ अधिवक्ताहरुसहितको बलियो टिम बनाइएको बताए ।

अध्यक्ष भण्डारीले वैदेशिक रोजगार व्यवसायले मुलुकको अर्थतन्त्रमा ३० प्रतिशत योगदान दिइरहेको भन्दै यो क्षेत्रलाई सरकारले सधैंभरि नियन्त्रणमुखी दृष्टिकोण राखेकाले त्यसलाई परिवर्तन गर्न पनि वैदेशिक रोजगारको विषयवस्तुलाई राष्ट्रव्यापी बनाउनुपर्ने आवश्यकताअनुसार सल्लाहकारहरूको टिम बनाएको बताए ।

सल्लाहकार र कानूनी सल्लाहकार मनोनयनसँगै संघले मनोनयन गर्नुपर्ने सबै पदहरू – बाँकी पृष्ठ २ मा

### आईआरटीएफमा गुरूङ



**काठमाडौं / मस-** नेपाल वैदेशिक रोजगार व्यवसायी संघले प्रधानमन्त्री कार्यालयको पहलमा गठित इमिडिएट रेस्पोन्स टिम (आईआरटीएफ)मा द्वितीय उपाध्यक्ष सञ्जु गुरूङलाई पठाउने निर्णय गरेको छ । शुक्रबार बसेको संघको कार्यसमिति बैठकले उक्त निर्णय गरेको हो ।

वैदेशिक रोजगार विभागका महानिर्देशकको संयोजकत्वमा गठित टिममा श्रम, रोजगार तथा समाजिक सुरक्षा – बाँकी पृष्ठ २ मा


## कुबेतमा महिलाहरूलाई रोजगारको अवसर

कम्पनी : ONCOST CASH AND CARRY CENTRAL MARKET
LT. No.: 282392 शहर : KUWAIT, MAHBOULA
पूर्व स्वीकृत मितिः २०७९/११/२६ चलानी नं.: ६०१९७८७१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cashier/stocker | 0 | 55 | स. काममा दक्ष | 150 | ६३,८६६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ चैत ४ गते (18 March 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

SGMC
Gov. Lic No. 1219/074/075
SHERMAN GLOBAL MANAGEMENT CONSULTANTS PVT. LTD.
(साविक सुर्खेत ओभरसिज प्रा.लि)
Sinamangal-9, Kathmandu | Tel: 4573705 | 4594457
Email: info@shermanconsultants.com/ hr@shermanconsultants.com
Mobile: 9851235143 | 9851330429 | 9803636760 | 9841136727 | 9844064089
9818441474 | 9869120271 | 9741796018





# राष्ट्रपति निर्वाचनको परिणाम प्रतिवेदन पेस



काठमाडौं/मस- राष्ट्रपति विद्यादेवी भण्डारीसमक्ष निर्वाचन आयोगले यही फागुन २५ गते सम्पन्न राष्ट्रपतिको निर्वाचनको परिणामसहितको प्रतिवेदन पेस गरेको छ । नेपालको संविधानको धारा ६२ एवं राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचनसम्बन्धी ऐन, २०७४ को दफा ६० बमोजिम शुक्रबार राष्ट्रपति भवन शीतल निवासमा आयोजित कार्यक्रममा प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले प्रतिवेदन बुझाएका हुन् । निर्वाचनमा रामचन्द्र पौडेल निर्वाचित भएका थिए ।

सो अवसरमा राष्ट्रपति भण्डारीले उक्त निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष, विश्वसनीय, पारदर्शी तथा भयमुक्त वातावरणमा सम्पन्न गराएकामा आयोग, सम्बन्धित राजनीतिक दल, उम्मेदवार, निर्वाचनमा सहभागी हुने निर्वाचक मण्डलका सदस्य, निर्वाचन सम्पन्न गराउन खटिएका कर्मचारी, सुरक्षाकर्मी र सम्बद्ध सबै पक्षमा आयोग हार्दिक धन्यवाद व्यक्त गरिन् । प्रमुख आयुक्त थपलियाले निर्वाचनको व्यवस्थापन र प्रक्रिया तथा परिणामबारे अवगत गराएका थिए । कार्यक्रममा निर्वाचन आयुक्त र आयोगका उच्चपदाधिकारी सहभागिता थियो । वर्तमान राष्ट्रपतिको कार्यकाल यही फागुन २८ गते सकिँदैछ ।

## 'नागरिकमा उत्साह जगाउन भूमिका खेल्छु'

नवनिर्वाचित राष्ट्रपति पौडेलले नागरिकमा उत्साह जगाउन राष्ट्राध्यक्षको हैसियतबाट आफूले भूमिका खेल्ने बताएका छन् । काठमाडौंको उत्तरपूर्वी भेगस्थित गोकर्णेश्वर नगरपालिका-१ सुन्दरीजलमा रहेको बिपी सङ्ग्रहालयमा शुक्रबार बिपी कोइरालालगायतका नेताको शालिकमा माल्यार्पणपछि आयोजित कार्यक्रममा नवनिर्वाचित राष्ट्रपति पौडेलले जनतामा आशा र उत्साहको सञ्चार गरेर मुलुकमा नयाँ जागृति ल्याउनुपर्ने बताएका हुन् । राजनैतिक स्थायित्व र मुलुकको सुशासनमा सबैको ध्यान जान आवश्यक रहेको उनले सुनाए । बिपी कोइराला लगायतका नेताप्रति सम्मान व्यक्त गर्दै नवनिर्वाचित राष्ट्रपति पौडेलले जनताले प्राप्त गरेको अधिकारमाथि कसैले पनि खेलबाड गर्न नहुने र संविधानको संरक्षकको भूमिकामा रहेर आफूले त्यो भूमिका निर्वाह गर्ने बताए ।

नवनिर्वाचित राष्ट्रपति पौडेलले जनतामा देखिएको निराशालाई आशामा परिणत गर्ने प्रतिबद्धता व्यक्त गरे । बिपी कोइराला, गणेशमान सिंह, कृष्णप्रसाद भट्टराई, रामनारायण मिश्र, देवानसिंह राई र योगेन्द्र शेरचनको शालिकमा उनले माल्यार्पण गर्नुका साथै जकरण्ड नामको वृक्षरोपण गरेका थिए ।

त्यस अवसरमा नवनिर्वाचित राष्ट्रपति पौडेललाई बिपी सङ्ग्रहालय समितिका अध्यक्ष परशुराम पोखरेल, बाग्मती प्रदेशसभा सदस्य विमल ठकुरीलगायत सङ्ग्रहालय समितिका पदाधिकारी र सदस्यले स्वागत गरेका थिए ।

# अन्तरिम आदेश दिन अस्वीकार



काठमाडौं/मस- प्रधानमन्त्री एवं नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'विरुद्ध दायर मुद्दामा सर्वोच्च अदालतले अन्तरिम आदेश दिन अस्वीकार गरेको छ । शुक्रबार न्यायाधीश ईश्वरप्रसाद खतिवडाको इजलासले निवेदकको माग बमोजिम अन्तरिम आदेश दिन अस्वीकार गरेको हो ।

अदालतले मुद्दालाई अग्राधिकार प्रदान गर्दै १५ दिनभित्र यसबारेमा लिखित जवाफ पेस गर्न प्रचण्डको नाममा आदेश जारी गरेको छ ।

शुक्रबारको सुनुवाइमा रिट निवेदकको तर्फबाट अधिवक्ताहरु डां.सुरेन्द भण्डारी, बालकृष्ण न्यौपाने, दिनेश त्रिपाठी, शिवकुमार यादव, ज्ञानेन्द्र आरण, मणिराम उपाध्याय, अनन्तराज लुइटेल ध्रुवलाल श्रेष्ठले बहस गरेका थिए ।

# प्रेस सेन्टर रुपन्देहीको अध्यक्षमा पोखरेल

**नविन लुइटेल/मध्यान्ह**
रुपन्देही, २६ फागुन



प्रेस सेन्टर रुपन्देहीको अध्यक्षमा विष्णु पोखरेल चयन भएका छन् । शुक्रबार बुटवलमा सम्पन्न सेन्टरको विशेष अधिवेशनले पोखरेलको अध्यक्षतामा १७ सदस्यीय नयाँ कार्यसमिति चयन गरेको हो । सेन्टरको नवनिर्वाचित उपाध्यक्षमा अम्बिका परियार र पविता पौडेल, सचिवमा रमेश गैरे, सह-सचिवमा प्रकाश पाण्डे, सञ्जय लामा र निर्मल थापा तथा कोषाध्यक्षमा पशुपति यादव चयन भएका छन् । यस्तै दीपक कलवार, जगलाल नेपाली, सुनिता चुदाली, अञ्जना चौहान, जितेन्द्र चौधरी, सुमित्रा तरामु, दिनेशप्रसाद लोध र नेत्र रुचाल लगायतलाई कार्यसमिति सदस्यमा चुनिएका छन् ।

विशेष अधिवेशन तथा वार्षिक साधारण सभाले निवर्तमान अध्यक्ष कमल रायमाझीको प्रतिवेदन, निवर्तमान सचिव विष्णु पोखरेल सांगठनिक प्रतिवेदन तथा कोषाध्यक्ष सञ्जय लामा गुरुङले पेस गरेको आर्थिक प्रतिवेदन सर्वसम्मत पारित गर्दै नयाँ कार्य समिति चयन गरेको संगठनका नवनिर्वाचित सचिव रमेश गैरेले जानकारी दिए ।

अधिवेशनले निवर्तमान जिल्ला अध्यक्ष कमल रायमाझी, उपाध्यक्ष शारदा शाही लगायतलाई माथिल्लो कमिटीमा सिफारिस गर्ने निर्णय समेत गरेको उनले बताए ।

विशेष अधिवेशनमा नेकपा माओवादी केन्द्र लुम्बिनी प्रदेश अध्यक्ष सुदर्शन बराल, रुपन्देही जिल्ला संयोजक निर्मल जिसी, प्रेस सेन्टरका केन्द्रिय उप-महासचिव यानेन्द्र जिसी, केन्द्रिय सदस्य भुवन कार्की, लुम्बिनी प्रदेशका वरिष्ठ उपाध्यक्ष रुद्रहरी कुँवर, प्रदेश सदस्यद्वय माया केसी र संजय सौगात लगायतको उपस्थिति रहेको थियो । कार्यक्रममा शुभकामना मन्तव्य राख्दै वक्ताहरूले जनपक्षीय पत्रकारिता कमजोर हुँदै गएको उल्लेख गर्दै प्रेस सेन्टरमा आबद्ध पत्रकारले आवाजविहीनको आवाज बनेर जनपक्षीय पत्रकारिता बलियो बनाउनुपर्ने बताएका थिए ।

# एआइजीमा बढुवाका लागि सिफारिस



काठमाडौं/मस- गृह मन्त्रालयले नेपाल प्रहरीको जनपद समूहतर्फको पाँच जना प्रहरी नायव महानिरीक्षक (डिआइजी) लाई प्रहरी अतिरीक्त महानिरीक्षक (एआइजी)मा बढुवाका लागि सिफारिस गरेको छ । शुक्रबार बसेको बढुवा सिफारिस समितिको बैठकले प्रहरी नियमावली २०७१ (संशोधनसहित)को नियम २७ को उपनियम (४) अनुसार पाँच डिआइजीलाई एआइजीमा बढुवाका लागि सिफारिस भएको प्रहरी महानिरीक्षकको सचिवालयका प्रहरी वरिष्ठ उपरीक्षक दीपेन्द्र जिसीले जानकारी दिए ।

यसरी सिफारिस भएकामा मधेश प्रदेश प्रहरी कार्यालयका प्रमुख डिआइजी बसन्तबहादुर कुँवर, लुम्बिनी प्रदेश प्रहरी कार्यालयका प्रमुख डिआइजी टेकप्रसाद राई, बागमती प्रदेश प्रहरी कार्यालका प्रमुख डिआइजी दीपक थापा, कोसी प्रदेश प्रहरी कार्यालयका प्रमुख डिआइजी श्यामलाल ज्ञवाली र प्रहरी प्रधान कार्यालय, आर्थिक प्रशासन तथा प्रबन्ध निर्देशनालयमा रहनुभएका डिआइजी किरण बज्राचार्य छन् ।

सिफारिसमाथि मन्त्रिपरिषद्ले निर्णय गरेपछि बढुवा हुने कानुनी व्यवस्था छ । सिफारिस समितिको संयोजकमा भने गृहसचिव हुने र त्यसको सदस्य सचिवमा प्रहरी महानिरीक्षक रहने व्यवस्था छ ।

# श्री एयरलाइन्सको उडान फुकुवा





काठमाडौं/मस-नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान)ले श्री एयरलाइन्सको उडान फुकुवा गरेको छ ।

प्राधिकरणका प्राविधिकबाट उक्त एयरलाइन्सको उडानमा रहेका जहाजको शुक्रबार प्राविधिक सुरक्षा जाँचपछि उडान फुकुवा गर्ने निर्णय गरेको हो । प्राधिकरणले शुक्रबार बिहान श्री एयरलाइन्सलाई जहाजको इन्जिन सुरक्षा जाँच नसकिएसम्म उडान नगर्न निर्देशन दिएको थियो ।

प्राधिकरणका प्रवक्ता जगन्नाथ निरौलाका अनुसार प्राधिकरणले दिएका सुझावको कार्यान्वयन गर्ने गरी एयरलाइन्सको उडान फुकुवा गरिएको छ । 'श्री एयरलाइन्सको उडान फुकुवा भयो, तर एयरलाइन्सले सेफ्टी म्यानेजमेन्ट सिस्टम लागू गर्नुपर्छ र प्राविधिक जाँचपछि देखिएका विषय र प्राधिकरणका सुझाव पालना गर्नुपर्ने सर्तमा उडान फुकुवा गरिएको हो' उनले भने ।

श्री एयरलाइन्सका व्यवस्थापक अनिल मानन्धरले प्राधिकरणबाट पुनःउडान अनुमति पाएसँगै शनिबारदेखि नियमित उडान सञ्चालन गरिने बताए ।

व्यवस्थापक मानन्धरका अनुसार प्राधिकरणको विज्ञ टोलीले उडानमा रहेका श्रीका सबै जहाजको प्राविधिक जाँच, इन्जिनियरिङ अपरेसन, सुरक्षा तथा कम्पनीको वित्तीय स्थिति र प्रशासनिक क्षमतासमेतको अध्ययन गरेको थियो ।

बिहीबार काठमाडौंबाट भैरहवा उडान भरेको जहाजको इन्जिनमा आगो लागेको संकेत देखिएपछि उक्त जहाजलाई पुनः त्रिभुनव अन्तर्राष्ट्रिय विमानस्थलमै फर्काएर सुरक्षित अवतरण गरिएको थियो । श्री एयरलाइन्सका साना-ठूला गरी आठ वटा जहाज छन् । तीमध्ये चार वटा मात्रै सञ्चालनमा छन् ।

# मालबाहक गाडी पार्किङमा निषेध

**मध्यान्ह संवाददाता**
काठमाडौं, २६ फागुन



काठमाडौं उपत्यकाका सडकमा मालबाहक सवारी साधन पार्किङ र सामान लोड अनलोड गर्न रोक लगाइएको छ ।

इन्टरमोडल यातायात विकास समितिको आयोजनामा चोभार सुक्खा बन्दरगाहमा आन्तरिक टर्मिनल सञ्चालनबारे भएको छलफलका क्रममा उपत्यका ट्राफिक प्रहरी कार्यालयले सो जानकारी गराएको हो ।

उपत्यकाका स्थानीय तह, प्रहरी तथा ट्राफिक प्रहरी र ढुवानी व्यवसायीसहितको छलफलमा काठमाडौं महानगर र उपत्यका ट्राफिक प्रहरी कार्यालयले सडकमा ढुवानीका सवारी पार्किङ गर्न र सामान लोड अनलोड गर्न नदिने जानकारी गराइएको हो ।

इन्टर मोडलले जारी गरेको प्रेस विज्ञप्तिमा भनिएको छ, 'काठमाडौं प्रवेश गर्ने ढुवानीका साधनहरुलाई आगामी दिनमा सडक किनारामा पार्किङ गर्न तथा सामान लोड अनलोड गर्न दिइने छैन । त्यसका लागि चोभार सुक्खा बन्दरगाहको आन्तरिक टर्मिनल प्रयोग गर्ने आग्रह गरिने छ ।'

छलफलमा समितिका कार्यकारी निर्देशक आशिष गजुरेलले चोभार सक्खा बन्दरगाहमा उपलब्ध सेवा, सुविधाका साथै सेवा सुविधा उपयोग गरे वापत सेवाग्राहीले तिर्नु पर्ने सेवा शुल्कका बारेमा जानकारी गराएका थिए ।

## उपराष्ट्रपतिमा...

महिला हुनुपर्ने प्रष्ट भनिएको प्रमुख निर्वाचन आयुक्त दिनेश थपलिया बताउँछन् । 'राष्ट्रपतिमा पुरुष निर्वाचित भएका छन् । अब उपराष्ट्रपतिमा लिङ्गका हिसाबले पुरुष भन्दा फरक लिङ्ग अर्थात महिलाको उम्मेदवार हुनुपर्छ' थपलिया व्याख्या गर्छन, 'समुदायको हिसाबले राष्ट्रपतिमा खसआर्य समुदायबाट निर्वाचित भएकाले यो भन्दा फरक समुदायको हुनपर्छ ।'

लिङ्ग वा समुदाय भन्ने संविधान र कानूनको प्रावधानको अर्थ नै जुन लिङ्गबाट राष्ट्रपति बनेको छ, त्यो भन्दा फरक हुनपर्ने र जुन समुदायबाट राष्ट्रपति बनेको छ, त्यो पनि फरक हुनुपर्ने भन्ने भएको आफूहरुले विज्ञप्ति नै निकालेर प्रष्ट गरेको उनको तर्क छ ।

शुक्रबार निर्वाचन आयोगले विज्ञप्ती निकालेर उपराष्ट्रपति पदमा पुरुषभन्दा फरक लिङ्ग र खसआर्यभन्दा फरक समुदायको मात्र उम्मेदवार हुनुपर्ने बताएपछि बिभिन्न राजनीतिक दलका नेताहरुको प्रतिक्रिया आएको छ । आयोगले खस आर्य समुदायको पुरुष व्यक्ति रामचन्द्र पौडेल राष्ट्रपति चयन भएकाले अब यो समुदाय र लिङ्ग भन्दा फरक व्यक्ति उपराष्ट्रपतिको उम्मेदवार बन्नुपर्ने निर्णय गरेको हो ।

राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचनसम्बन्धी ऐन, २०७४ को दफा ६५ को उपदफा २ बमोजिम दिइएको निर्देशनमा नेपालको संविधानको धारा ७० मा 'यस संविधानबमोजिम राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचन फरक-फरक लिङ्ग वा समुदायको प्रतिनिधित्व हुने गरी गर्नुपर्नेछ' भन्ने व्यवस्था छ ।

राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचनसम्बन्धी ऐन, २०७४ को दफा १६ को उपदफा (५) मा 'यस दफाबमोजिम उपराष्ट्रपति पदको लागि उम्मेदवार मनोनयन गर्दा राष्ट्रपति पदमा निर्वाचित व्यक्ति जुन लिङ्ग वा समुदायको हो सो भन्दा फरक लिङ्ग वा समुदायको व्यक्तिलाई मनोनयन गर्नुपर्नेछ' भन्ने व्यवस्था छ ।

फागुन २५ गते सम्पन्न भएको राष्ट्रपतिको निर्वाचनमा खस-आर्य समावेशी समूहका पुरुष व्यक्ति रामचन्द्र पौडेल निर्वाचित भएका छन् । स्वीकृत निर्वाचन कार्यक्रम अनुसार फागुन २७ गते उपराष्ट्रपति पदको मनोनयनपत्र दर्ता गर्नुपर्ने कार्यक्रम छ । राष्ट्रपतिको पदमा निर्वाचित व्यक्तिको लिङ्ग (पुरुष) वा समुदाय (खस आर्य) भन्दा फरक लिङ्ग (महिला वा अन्य) वा फरक समुदाय दलित, आदिवासी जनजाति, मधेसी, थारु वा मुस्लिम) को व्यक्तिको मनोनयनपत्र मात्र दर्ता गर्न सक्ने संवैधानिक व्यवस्था छ ।

यस विषयमा निर्वाचन आयोगको विज्ञप्ति र आयोगका प्रमुख आयुक्त दिनेश थपलियाको शुक्रबारको अभिव्यक्तिपछि विभिन्न नेताहरूले पनि टिकाटिप्पणी गरेका छन् । माओवादी केन्द्रका उपमहासचिव शक्ति बस्नेत उपराष्ट्रपति उम्मेदवारीबारे आयोगको वक्तव्य संविधानभन्दा बाहिर नरहेको बताउँछन् । 'हामीले फलो गर्ने भनेको संविधान र कानुन हो । यसमा संविधान र कानुनले स्पष्ट भनेको छ । त्यसै अनुसार नै उपराष्ट्रपति चयन हुन्छ' उनी भन्छन्, 'आयोगको वक्तव्य पनि संविधान अनुरुप नै छ । अन्यथा केही भएमा त्यसलाई आधार मान्न सकिँदैन ।'

प्रधानमन्त्री निवास बालुवाटारमा शुक्रबार बसेको ९ दलका शीर्ष नेताहरूको बैठकपछि पत्रकारहरूसँग कुरा गर्दै नेता बस्नेतले निर्वाचन आयोगको वक्तव्य पनि संविधान अनुरुप नै रहेको बताएका हुन् ।

नेपाली कांग्रेसका उपसभापति पूर्णबहादुर खड्का उपराष्ट्रपतिका सन्दर्भमा संविधान प्रष्ट रहेको बताउँछन् । 'नेपालको संविधानले प्रस्ट भनेको छ, फरक लिङ्ग वा फरक समुदाय हुनुपर्छ । एउटै समुदायको पुरुष राष्ट्रपति हुन सक्दैन' खड्काले भने । 'फरक लिङ्ग वा फरक समुदाय भन्नाले अनिवार्य उपराष्ट्रपति महिला हुनुपर्छ । अथवा राष्ट्रपति र उपराष्ट्रपति महिला-पुरुष हुनुपर्छ भन्ने व्यवस्था होइन', उनले भने ।

## मनोनयन...

मतपेटिका मतदान अधिकृतबाट निर्वाचन अधिकृतको कार्यालयमा प्राप्त भएपछि निर्वाचन अधिकृतले तोकेको समय र स्थानमा मतगणना कार्य शुरु गरिनेछ । मतगणना कार्य समाप्त भएपछि निर्वाचन घोषणा गरिने आयोगले जनाएको छ ।

'कुनै उम्मेदवारले प्राप्त गरेको मत निर्वाचक मण्डलको तत्काल कायम रहेको कूल मतको बहुमत नभएको कारण राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचनसम्बन्धी ऐन २०७४ को दफा ५६ को उपदफा (१) वा उपदफा (३) बमोजिम पुनः मतदान गराउनुपर्ने अवस्थामा निर्वाचन अधिकृतले राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचनसम्बन्धी नियमावली २०७४ को नियम ४० बमोजिम मतदानको मिति तोकी पुनः मतदान गराइनेछ' आयोगद्वारा जारी कार्यतालिकामा उल्लेख गरिएको छ ।

हालसम्म जसपाबाट रामसहायप्रसाद यादव र जनमत पार्टीबाट ममता झा उपराष्ट्रपतिमा उठ्ने तय भएको छ । जनमत पार्टीले उपराष्ट्रपति आफूले पाउनु पर्ने दावी गर्दै झाको नाम अघि सारेको छ ।

## झस्किए...

छैन । यदि उपराष्ट्रपतिको उम्मेदवार महिला मात्रै हुन सक्छ भनियो भने त्यो गलत हुन्छ' जसपाका सांसद प्रदीप यादवले भने ।

## सुल्झिएन...

सहज रूपले ऋण पाउन सकेका छैनन् र पूर्ण रूपले राज्यविहीनताको स्थिति भोगिरहेका छन्,' पीडित बिन्दु शाहले भने । उनले सरकारले संघर्ष समितिसँग गरेको ५ बुँदे सहमति कार्यान्वयन नगरेर किसानलाई धोका दिएको आरोप लगाएका हुन् ।

अझ बैंक तथा वित्तीय संस्थाले विपन्न परिवारलाई सहजै ऋण उपलब्ध नगराउने कारण उनीहरु अझै समस्यामा पर्ने गरेका छन् । सो अवस्थामा सहजै ऋण पाउने व्यवस्था मिलाउनुपर्ने विज्ञहरुले बताउँदै आएका छन् ।

कुनैपनि कारोबारका लागि कम्पनी दर्ता गराउने, प्यान नम्बर लिने, कारोबार गर्ने र सरकारलाई त्यसबाट केही प्रतिशत कर तिनुपर्ने प्रावधान छ । तर, त्यसको समेत उल्लघंन गरेर अनुचित ढंगले सर्वसाधारणबाट पैसा लिनेहरु कारबाहीमा पर्न सकेका छैनन् । सम्पत्ति शुद्धीकरण आयोगले श्रोत नखुलेको सम्पत्तिमाथि छानबिन गरेर कारबाहीको दायरामा ल्याउनै सकेको छैन । बरु हरेक सरकार र सम्बन्धित निकायले मिटरब्याजीको समस्या समाधान गर्ने आश्वासन दिएपनि समस्या समाधान नभई धेरै पीडितहरुको मृत्यु भइसकेका छन् ।

## संघद्वारा....

पूर्ति गरेको छ । यसअघि संघका अध्यक्ष भण्डारीले कार्यसमितिमा ४ जना व्यवसायीलाई मनोनयन गरेका थिए । संघले यसअघि नै संघका पदाधिकारी तथा कार्यसमिति सदस्यहरूको कार्यविभाजन गरिसकेको छ ।

## आईआरटीएफमा...

मन्त्रालयका उपसचिव र वैदेशिक रोजगार बोर्डका कार्यकारी निर्देशक सदस्य रहेका छन् । उक्त टिमले वैदेशिक रोजगारका क्रममा स्वदेश वा विदेशमा अलपत्र पर्ने कामदारको उद्धार तथा आपतकालीन राहतको काम गर्ने छ ।

# ईशनाथमा लोकसेवा तयारी कक्षा

**प्रेमचन्द्र झा/मध्यान्ह**
रौतहट, २६ फागुन



रौतहटको ईशनाथ नगरपालिकाले लोक सेवा आयोग तयारी कक्षा सञ्चालन गरेको छ । नगरपालिकाले खरिदार स्तरको तयारीका लागि ५० दिने कक्षा सञ्चालन गरेको हो । १० दिन अगाडि शुरु भएको तयारी कक्षामा एक सय पाँच जना सहभागी रहेका छन् । कक्षाको शुक्रबार स्थानीय जनप्रतिनिधिहरुले अनुगमन गरेका थिए । त्यसक्रममा नगर प्रमुख कौशल्यादेवी सिन्हाले लगानीको प्रतिफल आउने गरी मिहिनेत साथ पढ्न सहभागीलाई आग्रह गरिन् । नगरपालिकाका प्रमुख प्रशासकीय अधिकुत भुदेव झाले लोकसेवालाई भाग्य र मिहिनेतको फलको रुपमा लिने गरिए पनि लगनशीलता र धैर्यता पनि आवश्यक हुने बताए ।

कार्यक्रममा नगर प्रमुख सिन्हाले ७६ जना परीक्षार्थी लोकसेवा आयोगको तयारी कक्षामा उपयोगी पुस्तक हस्तान्तरण गरेकी छन । सो अवसरमा नगर उपप्रमुख प्रवेज आलम, वडा नम्बर ६ का अध्यक्ष जवाहरलाल साह लगायतले दत्तचित्त भएर लोकसेवामा सफल हुने गरी तयारी कक्षामा लाग्न आग्रह गरेका थिए । लोकसेवा तयारी कक्षामा महिला र पुरुषको समान संख्यामा सहभागिता रहेको छ ।

# पृथ्वी राजमार्ग दैनिक चार घण्टा बन्द

तनहुँ/मस-पृथ्वी राजमार्गअन्तर्गत बिमलनगरदेखि घाँसी कुवासम्मको पूर्वी सडकखण्ड १५ दिनसम्म दैनिक चार घण्टा पूर्णरुपमा बन्द हुने भएको छ । यही फागुन २८ देखि चैत १२ गतेसम्म राति १२ बजेदेखि बिहान ०४ बजेसम्म दैनिक बन्द गर्न लागिएको हो ।

अत्यावश्यक सवारी साधान बाहेक अन्य सवारी साधानमा रोक लगाइएको सहायक प्रमुख जिल्ला अधिकारी काशीराम गैह्रेले जानकारी दिए । जिल्ला सुरक्षा समितिको शुक्रबार बैठकले निर्णय गरेको हुँदा सम्बन्धित सबै सरोकारवालाको लागि सूचनामार्फत जानकारी गराइएको उनले बताए ।

उक्त समय अवधिमा अत्यावश्यक सवारीसाधान बाहेक अन्य सवारी साधान पूर्णरुपमा बन्द गरी सुरक्षित तरिकाले काम गर्नेगरी राजमार्ग बन्दको व्यवस्था मिलाइएको उनले बताए ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**
यस कार्यालयमा मिति २०७४/०६/२६ मा दर्ता भएको **प्रा.लि.नं. १७६४५६** को **आरोन इन्जिनियरिङ्ग प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०७९/११/२६ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ को उपदफा (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

# रोकिएन जातीय विभेदका घटना

**मध्यान्ह संवाददाता**
काठमाडौं, २६ फागुन

नेपाललाई जातीय भेदभाव तथा छुवाछुत उन्मूलन देश घोषणा भएको १५ वर्ष पूरा भइसकेको छ। तर जातकै आधारमा हुने विभेदका घटनाहरु भने रोकिएको छैन।

यस्ता घटना दैनिक रुपमा भइरहे पनि कुटपिट वा हत्याजस्ता जघन्य घटना मात्रै प्रहरी वा राष्ट्रिय दलित आयोगसम्म आइपुग्ने गरेका छन् भने कतिपय घटना गाउँघरमै मिलाउने र कति घटना बाहिर ल्याउनसमेत नसकेको अवस्था छ।

हालै मात्र सिराहाको भगवानपुर गाउँपालिकामा भएको जातीय विभेदको घटनाले सबैको ध्यानाकर्षण गराएको छ। उक्त घटनालाई लिएर विभिन्न संघसंस्थादेखि दलित अधिकारकर्मीहरुको आपत्ति जनाएका छन्।

उक्त गाउँपालिकाका अध्यक्ष उग्रनारायण यादवले आफ्नी दिवंगत आमाको १३ औं दिनको पुण्यतिथिमा सोमबार भोज गरे। उक्त भोजमा जात र समुदायका आधारमा फरक-फरक ठाउँमा बसेर खाने प्रबन्ध गरिएको थियो।

प्लेकार्ड नै टाँसेर गैरदलित, मुस्लिम र दलित निम्तालुलाई खाने ठाउँ छुट्याइएको थियो। घरअगाडिको सडकदेखि उत्तरपट्टिको खाली खेतमा गैरदलित, दक्षिणपट्टि दलित र पूर्वपट्टि मुस्लिम समुदायलाई राखेर भोज खुवाइएका थियो। मन्त्री, सांसददेखि समाजका अगुवालाई घरको आँगनमै कुर्सी-टेबुलमा राखेर खाने व्यवस्था गरिएको थियो।

भोजका निम्तालुलाई 'यादव समुदाय', गिरी समुदाय', बंगाली समुदाय', 'राजपुत समुदाय', 'मुस्लिम समुदाय', 'सुडी समुदाय', 'पासवान समुदाय', 'राम समुदाय', 'खत्वे खड्ग समुदाय', 'सदाय समुदाय', 'विश्वकर्मा समुदाय', 'दास/अमात्य समुदाय'लगायत प्लेकार्ड नै राखेर बस्ने ठाउँको व्यवस्था गरिएको थियो।


गाउँपालिकाका अध्यक्ष उग्रनारायण यादवलाई कारबाहीको माग गर्दै प्रमुख जिल्ला अधिकारी भोजराज खतिवडा समक्ष ज्ञापनपत्र बुझाउँदै दलित अधिकारकर्मी।

उक्त घटनालाई लिएर अहिले राष्ट्रिय दलित आयोगदेखि दलित संघसंस्था र दलित अधिकारकर्मीहरुले कारबाहीको माग गर्दै आएका छन्।

राष्ट्रिय दलित आयोगले जातीय विभेद गर्ने अध्यक्ष उग्रनारायण यादवलाई नियन्त्रणमा लिएर कारबाही गर्न माग गरेको छ। आयोगका अध्यक्ष देवराज विश्वकर्माले विज्ञप्ति जारी गर्दै कारबाहीको माग गरेका हुन्।

विभिन्न राजनीतिक दलनिकट भ्रातृ संगठन र दलित संघ/संस्थाहरूले सिरहाको भगवानपुर गाउँपालिका भएको छुवाछूतसम्बन्धी घटनामा संलग्न गाउँपालिका अध्यक्ष उग्रनारायण यादवलाई कारबाही गर्न माग गरेका छन्।

नेकपा (माओवादी केन्द्र) निकट नेपाल दलित मुक्ति मोर्चा, नेपाली कांग्रेस निकट दलित सेवा संघ, नेकपा (एमाले) निकट नेपाल उत्पीडित जातीय मुक्ति समाज, नेकपा (एकीकृत समाजवादी) निकट नेपाल दलितमुक्ति संगठन र जातीय समता समाजलगायत दश वटा संघ/संस्थाले शुक्रबार संयुक्त विज्ञप्तिमार्फत सत्यतथ्य छानबिन गरी घटनामा संलग्न निजलाई नियन्त्रणमा लिई कानून बमोजिम कारबाही गर्न माग गरेका हुन्।

यहि फागुन महिनामै ओखलढुंगामा जातीय विभेदका घटना घट्यो तर गाउँमै मिलापत्र भयो।

उक्त घटनामा कानूनविपरीत मेलमिलाप गराएर प्रहरी, प्रशासन र पालिका प्रमुखले दोषीलाई उन्मुक्ति दिइएको थियो। सिद्धिचरण-४ रुम्जाटारमा दलित समुदायलाई शिव मन्दिर प्रवेश गर्न नदिइएको घटना प्रजिअ प्रदर्शनी कुमारी, नगर प्रमुख तेजन खनाल, डीएसपी दीपकबहादुर केसी, वडाध्यक्ष रत्नबहादुर गुरुङलगायतले मेलमिलाप गराएका थिए।

शिवरात्रिका दिनरुम्जाटारको शिव मन्दिरमा दलित महिला पूजा गर्न गएका थिए। तर स्थानीय लक्ष्मण गुरुङ र मन्दिर व्यवस्थापन समितिले प्रवेश गर्न दिएका थिएनन्।

यि त केही प्रतिनिधि घटना मात्रै हुन्। नेपालको संविधानले छुवाछुत र जातीय भेदभावलाई निषेध गरेको छ। ऐनले अपराध हो भनेको छ। दण्ड सजायको पनि व्यवस्था गरेको छ। तर पनि जातीय विभेदका घटना भने रोकिएका छैनन्।

जातीय भेदभाव तथा छुवाछुत (कसुर र सजाय) ऐन, २०६८ ले जातीय विभेद तथा छुवाछुतजन्य कार्य आफैं गर्ने तथा अरूमार्फत गराउने कुरालाई मात्रै निषेध गरेको छैन, भेदभाव तथा छुवाछुतजन्य निषेधित कार्यलाई समर्थन गर्ने, दुरुत्साहन गर्ने वा उकास्ने कार्यलाई समेत वर्जित गरी दण्डनीय बनाएको छ। सार्वजनिक तथा निजी दुवै स्थलमा जातीय भेदभाव वा छुवाछुतजन्य कार्य गरेको अवस्थामा ऐनअन्तर्गत फौजदारी दण्डको भागीदार बन्नुपर्ने व्यवस्था गरिएको छ। ऐनको दफा ४ को उपदफा २ (ख) मा व्यक्तिगत वा सामूहिक रूपमा सार्वजनिक स्थान वा समारोहमा कुनै प्रकारको भेदभाव गर्न नहुने उल्लेख छ। भेदभाव गरेमा तीन महिनादेखि तीन वर्षसम्म कैद र ५० हजारदेखि दुई लाख रुपैयाँसम्म जरिवाना हुने उल्लेख छ। तर पनि यस्ता विभेदका घटना भने रोकिन सकेको छैन्।

### नौ वर्षमा दुई सय २५ घटना

राष्ट्रिय दलित आयोगका अनुसार केही वर्षयता जातीय भेदभाव र छुवाछुतका घटनाहरु बढी रहेका छन्। आयोगका अनुसार नौ वर्षको अवधिमा दुई सय २५ वटा घटना घटेका छन्। आयोगका अनुसार गएको आर्थिक वर्ष २०७०/७१ मा १४ वटा, ०७१/७२ मा १०, ०७२/७३ मा १९, ०७३/७४ मा १७, ०७४/७५ मा १८ वटा जातीय भेदभावका घटना घटेका छन्। यस्तै सबैभन्दा बढी आर्थिक वर्ष ०७५/७६ मा ४३ वटा, ०७६/७७ मा ३०, ०७७/७८मा ३९ र ०७८/७९ मा ३५ वटा जातीय विभेदका उजुरी परेका छन्।

# वडाध्यक्षविरुद्ध भ्रष्टाचार मुद्दा

**काठमाडौं/मस-** अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सर्लाही हरिवन नगरपालिकाको वडा नम्बर १० का अध्यक्ष शम्भु प्रसाद मैनालीविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको छ।

अख्तियारले शुक्रबार विशेष अदालत काठमाडौंमा ९ लाख ३६ हजार रुपैयाँ बिगो कायम गरी मुद्दा दायर गरेको हो।

वडाध्यक्ष मैनालीले साविक हरिवन गाउँ विकास समिति वडा नम्बर २ (ग) हाल हरिवन नगरपालिका वडा नम्बर १० नयाँरोड बजार अन्तर्गतको पूर्वपश्चिम राजमार्गसँग जोडिएको जग्गा बकसपत्र लिखत पारित गर्दा जग्गाको मूल्य न्यूनतम मूल्याङ्कन पुस्तिकामा उल्लेख भएको न्यूनतम मूल्यभन्दा कम राखी रजिस्ट्रेशन पास गराई राजस्व हिनामिना गरेको अख्तियारको दाबी छ।

सो सम्बन्धी उजुरी निवेदन सम्बन्धमा अनुसन्धान हुँदा सो वडाको नयाँरोड बजार अन्तर्गत पूर्वपश्चिम महेन्द्र राजमार्गसँग जोडिएको कित्ता नम्बर ३५१ को जग्गालाई खेतीयोग्य बाटो नभएको भनी राजस्व हानिनोक्सानी गर्ने बदनियतका साथ गलत घरबाटो प्रमाणित गरी सोको आधारमा ९ लाख ३६ हजार राजस्व रकम (सरकारी रकम) हानिनोक्सानी हुन गएको अख्तियारको ठहर छ।

यसैबीच अख्तियार दुरुपयोग अनुसन्धान आयोगले प्रतिकूल बकपत्र गर्ने सरकारी साक्षीविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको छ। प्रतिवादी शिवनारायण यादव भएको घुस/रिसवत मुद्दामा सरकारी साक्षीको रुपमा पेस गरेका बेचन यादव मगरदैताले विशेष अदालतमा प्रतिकूल बकपत्र गरेपछि विशेष अदालत काठमाडौंमा मुद्दा दायर गरिएको आयोगले जनाएको छ।

आयोगका सहायक प्रवक्ता देवीप्रसाद थपलियाका अनुसार बाबा कृष्णा राम पशु फार्म सप्तरीका सञ्चालक बेचन यादव मगरदैतालाई अनुसन्धानको क्रममा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५५ अनुसार सजायको मागदाबीमा पूर्ण रूपमा छुट दिई सरकारी साक्षीका रुपमा अख्तियारले पेस गरेको थियो।

तर मगरदैताले विशेष अदालतमा बकपत्र गर्ने क्रममा आयोगबाट अनुसन्धानको क्रममा गरिएको बयान व्यहोराको प्रतिकूल बकपत्र गरेपछि उनीविरुद्ध २१ हजार रुपैयाँ बिगो कायम गरी मुद्दा दर्ता गरिएको अख्तियारले जनाएको छ।


## पथरी शनिश्चरे नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
पथरी, मोरङ्ग

### उपभोक्ता हित संरक्षणमा जारी सूचना

**उद्योग तथा व्यवसायका लागि :**

१. बिक्रेताले बिक्री वितरण हुने समानको मुल्यसूची स्पष्टरुपमा देखिने गरी बिक्री कक्षमा राख्नुपर्नेछ।
२. नापतौल यन्त्र खरिद गरेको ३५ दिन भित्र अनिवार्य रुपमा नापतौल कार्यालयबाट अनुमतिपत्र लिई मात्र प्रयोग गर्ने।
३. आफुले प्रयोग गरेको नापतौल तथा नाप्ने, तौलने यन्त्रहरु (ढग, काँटा, लिटर, मिटर) तोकिएको समयमा जाँच तथा नवीकरण गराउने।
४. नापतौल तथा नाप्ने तौलने यन्त्रहरु बिक्री गर्नु परेमा अनिवार्य रुपमा सम्बन्धीत नापतौल कार्यालयबाट इजाजत पत्र लिएर मात्र बिक्री वितरण गर्ने।
५. खरिद गरेको सामानको नाप वा तौल शंका लागेमा पुनः तौल गर्न लगाउने।
६. नापतौल सम्बन्धी कुनै शंका वा गुनासो भए गुणस्तर तथा नापतौल कार्यालयमा जानकारी/उजुरी दिने।
७. होटल व्यवसायमा खानेकुराको सम्पर्कमा आउने सम्पूर्ण उपकरण, भाँडा, वर्तन तथा सतहलाई खानामा प्रयोग गर्ने सकिने जीवाणुनासक वस्तु (सेनिटाईजर) र तातोपानी प्रयोग गरी सरसफाई गर्नुपर्ने छ।
८. किट (हानिकारक जीव)हरुको नियन्त्रण गर्ने पर्याप्त व्यवस्था हुनुपर्ने छ।
९. बिमारी परेका वा झाडापखाला लागेका भनिएका कामदारहरुलाई पछिल्लो पटक त्यस्तो लक्षण देखिएको दिन देखि ४८ घण्टासम्म काममा नलगाउने।
१०. खाने (पकाउने) तेल एउटा पदार्थ पकाईसकेपछी नियमितरुपमा फेरवदल गर्नुपर्नेछ।
११. खानेकुरालाई कम्तिमा ७५ डिग्री सेल्सियस तापक्रममा पुग्ने गरि राम्ररी पकाउनु पर्नेछ।
१२. बासी सडेगलेका, अस्वाभाविक गन्ध, रंग तथा स्वाद भएका खाद्यपदार्थ उपभोग नगरौं।
१३. मासु, दुग्ध पदार्थ, माछा तथा अण्डा लगायत छिटो सडीगली जाने खानेकुराहरुलाई ५ डिग्री सेल्सियस वा सो भन्दा तलको तापक्रममा रेफ्रिजेनेरेटरमा भण्डारण गर्ने र त्यसमा भण्डारण मिति तथा समय ठिकसँग लेवल लगाउनु पर्नेछ।
१४. पकाएको खानेकुरालाई छोपेर जतिसक्दो चाडो २ घण्टा भित्र ५ डिग्री सेल्सियसको तापक्रममा राख्नु पर्नेछ।

*वस्तु तथा सेवामा समान पहुच, गुणस्तरीय वस्तुको छनौट, मुल्य परिणाम, परिणाम शुद्धता र गुणस्तर स्वस्थ्यमा हानि पुऱ्याउने वस्तु तथा सेवाको बिक्री वितरणबाट सुरक्षा अनुचित व्यापारिक तथा व्यवसायजन्य क्रियाकलाप विरुद्ध उजुरी प्रयोग गरिएका वस्तुबाट भएको हानि नोक्सानी विरुद्ध क्षतिपूर्ती अधिकार प्राप्त अधिकारीबाट सुनुवाई र उपभोक्ता शिक्षा पाउने तपाईको अधिकार हो। आफ्नो कर्तव्य र अधिकारप्रति सचेत रहौं।*


# रौतहटमा युवाको हत्या भएको दाबी

**सत्येन्द्रप्रताप सिंह/मध्यान्ह**
रौतहट, २६ फागुन।

रौतहटको राजदेवी नगरपालिकामा कुटपिटबाट मृत्यु भएका भनिएका युवकका आफन्तले हत्या भएको दाबी गरेका छन्।

राजदेवी नगरपालिका वडा नं. १ पथरा निवासी २५ वर्षीय गजेन्द्र दासको आफ्नै छिमेकीको कुटपिटबाट मृत्यु भएको थियो। आफनै टोलको गणेशराय यादव र नरेश यादवको कुटपिटबाट मरणासन गरी घाइते भएका दासलाई उपचारका लागि प्रदेशिक अस्पताल गौरमा लैजाने क्रममा बीच बाटोमै मृत्यु भएको थियो।

मृतक दासका पिता भैरो दासले भने आफ्नो छोराको हत्या भएको दाबी गरेका छन्। साँझ ७ बजेको समयमा पूर्व योजना अनुसार पुरानो रिसिइभी साधी यादवद्वयले मदिरा सेवन गरी आफ्नो छोरा गजेन्द्रलाई बिना कारण निहु खोजी मरणासन हुने गरी कुटपिट गरेको उनले आरोप लगाएका छन्।


प्रदेश सरकार
## स्वास्थ्य मन्त्रालय
## प्रदेश स्वास्थ्य आपुर्ति व्यवस्थापन केन्द्र
प्रदेश नं.१, विराटनगर

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रथम पटक प्रकाशित मिति २०७९/११/२७**

यस कार्यालयबाट मिति २०७८/०८/२३ मा राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित बोलपत्र आव्हानको सूचना अनुसार निर्धारित समय र मितिमा ***www.bolpatra.gov.np/egp*** मार्फत पेश हुन आएका बोलपत्रहरुको मूल्याङ्कन गर्दा तपशिल बमोजिमको बोलपत्र न्यूनतम मूल्याङ्कित, सारभुत रुपमा प्रभावग्राही भई मूल्याङ्कन समितिबाट स्वीकृतिको लागि सिफारिस भई आए अनुसार सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) अनुसार र सोही ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सवै बोलपत्रदाताहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपशिल**

| सि.नं. | बोलपत्र नं. | कामको विवरण | छनौट भएको बोलपत्रदाता | कबोल अंक (भ्याट सहित) |
|---|---|---|---|---|
| 1 | PHLMC-1/G/NCB -10.1/ 079-80 | Procurement of Free Essential Medicine (Antimicrobial) | G H Medihealth Concern Pvt Ltd, Bhaktapur | 1,31,24000.00 |

**नि.निर्देशक**
**प्रदेश स्वास्थ्य आपुर्ति व्यवस्थापन केन्द्र बिराटनगर**



## UAE मा रोजगार
कम्पनी : THREE STAR CLEAINING EQUIPMENT AND SERVICES LLC

पूर्व स्वीकृत मिति: २०७९/११/२६ चलानी नं.: ६०१९७८७८ L.T. No.: 282399

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | CLEANER | 150 | 0 | स. काममा दक्ष | 800 | २८,५०४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ चैत ४ गते (18 March 2023) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

BROTHERS INTERNATIONAL Employment Pvt. Ltd.
श्रम इजाजत पत्र नं.: ६१५/०६३/०६४
साबिक : (THE LINK FOR RECRUITMENT CONSULTANCY PVT. LTD.)
गोगंबु, काठमाडौं, फोन : ४४२२२७६, ४४२२२८६

## मलेसियामा रोजगारको अवसर
कम्पनी: AERO GUARDS PROTECTION (M) SDN BHD
शहर: MALAYSIA

पूर्व स्वीकृत मिति: २०७९/०७/०३ चलानी नं.: ६०१८९८१३ LT. No.: 272815 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 22 | 0 | स. काममा दक्ष | 1500 | ४३,८६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ चैत ४ गते (18 March 2023) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | क.नं. १ को रु. १०,०००/- अन्यको निःशुल्क |


बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।


Frontline Recruitment Pvt. Ltd.
श्रम इजाजत पत्र नं.: ८८६/०६७/०६८
Kalimatidol, Kathmandu, Nepal, P.o.box:13708, Tel No:01-4493645,4493646, 4593647
Fax:+977-01-4493647, Email:info@manpoweragencynepal.com

## साउदीमा रोजगार
कम्पनी: CLOUD RELAXATION SPORTS CENTER
शहर: Saudi Arabia, Riyadh

पुर्व स्वीकृत मिति: २०७९/१०/२४ चलानी नं.: ६०१९६१४० LT. No.: 280635 पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Packaging & Wrapping Worker | 1 | 0 | स. काममा दक्ष | 1200 | ४१,८३२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ चैत ४ गते (18 March 2023) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |


बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।


ईमास्को नेपाल प्रा. लि.
श्रम ईजाजत नं. ११७/०५५/०५६
गोंगबुं, सामाखुसी, काठमाडौं, नेपाल, फोन: ४९६२७०८,४९५०३८१, ४९५७७०८
फ्याक्स नं.: ४३५७७०८, Mob.: 9843198907, 9818191788

## साउदीमा रोजगार
कम्पनी: GULF COMPANY FOR CHEMICALS AND INDUSTRIAL OILS FACTORY
शहर: Dammam

पूर्व स्वीकृत मिति: २०७९/११/२५ चलानी नं.: ६०१९७८३७ LT. No.: 282383

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cook | 2 | 0 | सम्बन्धित काममा दक्ष | 1500 | ५२,२९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Kitchen Worker | 1 | 0 | | 1000 | ३४,८६० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ चैत ५ गते (19 March 2023) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले तिर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |


बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।


कान्तिपुर मेनपावर सर्भिस प्रा. लि.
श्रम इजाजत नं. ५२३/०६१/०६२
पो.ब.नं.: ९०३३, सामाखुसी-३, काठमाडौं, फोन नं.: ०१-४३८८८६६, ४३८८८०८, ४३६४३३८, ४३९०७६३, फ्याक्स: ४३८१११७ मो. 9810201278, 9801001144 डाईरेक्ट नं. ४३८५४९९
Email: info@kantipurmanpower.com, website: www.kantipurmanpower.com

## साउदीमा रोजगार
कम्पनी : LUXURY HOTELS INTERNATIONAL SAUDI ARABIA CO. LTD.
शहर: Saudi Arabia, Riyadh

पूर्व स्वीकृत मिति: २०७९/११/२६ चलानी नं.: ६०१९७८७३ LT. No.: 282252

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Housekeeping Attendant | 2 | 0 | स. काममा दक्ष | 2000 | ६९,७२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ चैत ४ गते (18 March 2023) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |


बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।


G.C.D. WORLDWIDE PVT. LTD.
Govt. Lic. No.: 519/061/062
Sinamangal-09, Kathmandu, Nepal
Email: worldgcd@gmail.com
Mobile : 9801399971 | 9801399972 | 9801399973 | 9801399974 | 9801399975 | 9801399976

## मलेसियामा रोजगार
कम्पनी: SIN HUP HING FOOD TRADING CO.
शहर : SELANGOR

पूर्व स्वीकृत मिति: २०७९/११/२६ चलानी नं.: ६०१९७८४९ LT. No.: 282292

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | factory worker | 10 | 0 | स. काममा दक्ष | 1500 | ४३,४२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ चैत ४ गते (18 March 2023) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |


बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।


EMINENCE
Recruitment International Pvt Ltd
Gov. Lic No.: 1569/079/080
Bhimsengola-31, Prayagmarg, Kathmandu
Tel: 01-4110036, 4110040, 9851164164, 9849964370
Email: info@eminencenepal.com
Web: ww.eminencenepal.com

## मलेसियामा रोजगार
कम्पनी: SECRET RECIPE RESTAURANT SDN BHD
शहर: JOHOR

पूर्व स्वीकृत मिति: २०७९/११/२६ चलानी नं.: ६०१९७८४१ L.T. No.: 282256

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Restaurant Crew | 10 | 0 | स. काममा दक्ष | 1500 | ४३,४२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ चैत ४ गते (18 March 2023) मा हुनेछ।

